**प्रमाणीकरण मिति : २०७५/०४/३१**

# प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना :** प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. ५ प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तार** : (१) यस ऐनको नाम "प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन प्रदेश नं. ५ प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रदेश नं. ५ प्रदेश भरका स्थानीय तहको लागि लागू हुनेछ ।

२. **प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४ मा संशोधन** :

प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को,-

(१) उपदफा (१) मा रहेका "मासिक सुविधा पाउने पदाधिकारी बाहेकका" भन्ने शब्दहरुको सट्टा "पदाधिकारी, सदस्य तथा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) झिकिएको छ ।

३. **<u>मूल ऐनको दफा ६ मा संशोधन</u> :** मूल ऐनको दफा ६ को उपदफा (२) झिकिएको छ ।